# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– १२, साउन २०६१, (July, 2004) काठमाडौं


## विद्यार्थीको चापपछि बालबालिका रोक्ने अभियान

सावित्री चौधरी आफनै गाउँमा सञ्चालित बाल कक्षा पूरा गरी कक्षा पाँचमा नियमित अध्ययन गरिरहेकी छिन् । प्रेमलता खड्का, धनकुमारी चौधरी, कमला, वेरमती, सपना, राधा र रापती चौधरी पनि गाउँको प्राथमिक विद्यालयको सोही कक्षामा नियमित अध्ययन गरिरहेका छन् ।

दाङको गोलटाकुरी गाविसमा सञ्चालित कौवाघारी प्राथमिक विद्यालयको कक्षा पाँचमा अध्ययन गरिरहेका आठजना यी युवतीहरू समाजकै उदाहरण बनेका छन् । उनीहरूले पढ्न इच्छा हुनेलाई उमेरले छेक्दैन भन्ने भनाईलाई राम्रोसँग सावित गरिदिएका छन् । उमेरले २० देखि २५ वर्षसम्मका ती युवतीहरू विना संकोच गाउँका भाइबहिनीसँग विद्यालय गइरहेका छन् । १२/१३ वर्ष पुगेपछि विवाह गरिदिने परम्परालाई चुनौती दिदैं उनीहरू आफ्नो पढाई पूरा गरेरै छाड्ने बताउँछन् ।

स्थानीय ग्रामीण महिला उत्थान केन्द्रले सञ्चालन गरेको बालकक्षा पूरा गरेपछि उनीहरूलाई कक्षा पाँचमा भर्ना लिएको बताउनुहुन्छ उक्त प्राविका प्रधानाध्यापक रोवरसिंह ढकाल । विद्यार्थी धनकुमारी भन्छिन्, "सुरुमा आफ्ना भाइबहिनीहरूसँगसँगै बसेर पढ्दा गाह्रो लागे पनि अहिले त्यस्तो लाग्दैन ।" कक्षाका कूल ७५ विद्यार्थीमध्ये अरुलाई कक्षाको किताब पढाउनुपर्ने तर उनीहरूलाई एबीसीडी नै सिकाउनु परेकोले असजिलो भएको कक्षा शिक्षिका सविता अर्याल बताउनुहुन्छ ।

विभिन्न गैरसरकारी संस्थाहरूको आर्थिक सहयोगमा सञ्चालित यस्ता बालकक्षाहरूमा अंग्रेजी पढाई नभएकोले यी युवतीहरूले पाँच कक्षामा



कौवाघारी दाङको प्राथमिक विद्यालयमा कक्षा कोठामा विद्यार्थीहरू अटाउँदैनन् ।

एबीसीडी पढ्नुपर्ने अवस्था चाहिं आएको छ । अहिले विद्यालयको अनुरोधमा उनीहरूलाई उत्थान केन्द्रले नै अनौपचारिक रुपमा अंग्रेजी पढाइदिने सहमति समेत भइसकेको जानकारी प्रधानाध्यापक ढकालले दिनुभयो ।

वरिपरी ठूलो दलित बस्तीका माझमा रहेको उक्त विद्यालयमा केन्द्रले पठाएका अन्य सात बालिकाहरू कक्षा तीनमा अध्ययन गरिरहेका छन् । कक्षामा अंग्रेजी पढाइ नभएकोले उनीहरूलाई भने सहज र सजिलो भएको पाइएको छ । यस्ता कक्षाको आकर्षण पनि बढ्दै गएको छ । तर अनौपचारिक कक्षामा अध्ययन गरेर आएका बालबालिकालाई औपचारिक शिक्षामा प्रवेश गराउने काममा विद्यालयहरू नै बाधक बन्ने गरेका छन् । विद्यालयमा विद्यार्थीहरू बढी भएको कारण भर्ना नलिने विद्यालयको नामावली लामो छ- सोसाइटी वेयलफर एजुकेशन नेपाल, दाङका कृष्ण चौधरी बताउनुहुन्छ ।

विद्यार्थीहरू विद्यालय नआउन् भनेर उमेर, गाविस र वडाको सीमा समेत विद्यालयले छुट्याउने गरेका छन् । औपचारिक शिक्षामा बिना रोकटोक भर्ना नलिएको कारण विद्यालय प्रवेश नपाएकाको संख्या दाङमा मात्र तीनसयभन्दा बढी रहेको चौधरीको दावी छ । एकै ठाउँमा बस्ने र पढाईको विषयमा आफू आफू मात्र छलफल गरेरै भएपनि अध्ययन गरेकोमा भने विद्यालय परिवार खुशी नै व्यक्त गर्छन् । तर, उनीहरू भर्ना नलिइएको स्वीकार भने गर्दैनन् । धेरै विद्यार्थी भए पनि आफूले सबै विद्यार्थीहरूलाई भर्ना गरेको दावी कौवाघारीका प्रधानाध्यापक ढकालको छ । कौवाघारीमा कक्षा कोठाको अभावमा चौरमा नै कक्षा सञ्चालन गर्नुपरेको बाध्यता भने छँदैछ । चारसय ६५ विद्यार्थी अध्ययनरत उक्त विद्यालयमा यसपटक सञ्चालन भएको विद्यालय स्वागत कार्यक्रमपछि एक कक्षामा मात्र एकसय ८५ जना विद्यार्थीहरू भर्ना भएका छन् ।

● भूपराज खड्का

## बालबालिकाको शिक्षाको लागि रोटरीको उदाहरणीय अभियान

गरिबीको कारण विद्यालय जानबाट वञ्चित धुलिखेल नगरपालिका- १, पकनाजोलकी निर्मला लामा विद्यालय आउन थालेकी छिन् ।

रोटरी क्लब अफ धुलिखेलले सञ्चालन गरेको धुलिखेल क्षेत्रमा शतप्रतिशत विद्यालय भर्ना अभियान अर्न्तगत छात्रवृत्ति पाएपछि उनी स्थानीय चक्रदेवी प्राथमिक विद्यालयको कक्षा एकमा भर्ना भएकी हुन् । निर्मला जस्ता थुप्रै बालबालिकाहरू अहिले विद्यालय जान थालेका छन् ।



काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेलमा समेत बालबालिका शिक्षाबाट वञ्चित भएपछि रोटरी क्लब अफ धुलिखेलले सो क्षेत्रमा शतप्रतिशत बालबालिका भर्ना अभियान सुरु गरेको हो । तीन वर्षअघि सुरु गरेको सो अभियानअर्न्तगत हालसम्ममा एक सय ५० जना विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिसकेको जानकारी रोटरी क्लब धुलिखेलका पूर्वअध्यक्ष सुवासकाजी श्रेष्ठले दिनुभयो । रोटरीले नगरपालिका- १, ६, ७, ८ र ९ नम्बर वडाका विपन्न बालबालिकाहरूलाई खानाबाहेक विद्यालयको पोशाक, पाठ्यपुस्तक, झोला, जुत्ता, स्टेशनरी लगायतका सामानहरू छात्रवृत्ति कार्यक्रम अर्न्तगत दिने गरेको छ । त्यो छात्रवृत्ति ती बालबालिकालाई प्रवेशिका परीक्षा नसकिञ्जेलसम्म दिईने बताइएको छ ।

क्लबले विभिन्न दातृसंस्थाहरूको साथै विभिन्न विद्यालय, दाता र स्थानीय सरकारी संस्थाहरूसँग आग्रह गरेर सो छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । क्लबका सदस्य उदयभूषणले दिएको जानकारी जानकारी अनुसार, काठमाडौं विश्वविद्यालय हाइस्कूल (कुप्स)का पूर्वप्रिन्सिपल एडियन आर्लोले रोटरीलाई उक्त छात्रवृत्ति सुरु गर्न प्रेरणा दिएपछि अहिले जापानका रोटरियन जीन चावा, कुप्स, एड्रा, रोटरियनहरू लगायतका विभिन्न संस्था र दातामार्फत् प्राप्त सहयोगले धुलिखेलको चक्रदेवी प्राविका २८, मण्डलीदेवी प्राविका ३०, छयालू प्राविका ३०, बालमन्दिर निमाविका २६ विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराइएको छ ।

धुलिखेलको पकनाजोल, कुत्ताल लगायतका स्थानहरू बत्तीमुनिको अँध्यारोजस्तै छन् । यस्ता बस्तीहरूमा विद्यालय नजाने बालबालिकाको संख्या ३ सयभन्दा बढी छ ।

"विद्यालयमा खाने खाजामा कटौती गरी बचेको रकमले विद्यालय जानबाट विपन्न, गरिब बालबालिकाहरूको लागि खर्चेर उदाहरणीय कार्य समेत गरेको छ," कुप्सका प्रधानाध्यापक नारायण प्रधान भन्नहुन्छ, "विद्यालयमा हप्ताको दुई चोटी मासु खुवाउने गरिएको छ, त्यसमा प्रत्येक महिनाको एक दिन मासु कटाएर बचेको रकम विपन्न बालबालिकाहरूलाई पढाउनको लागि खर्च गरिएको हो ।"

महँगो विद्यालयमा मानिने कुप्सका विद्यार्थीहरू पनि आफू जस्तै बालबालिकालाई छात्रवृत्ति दिन पाउँदा खुशी छन् । कक्षा ७ मा पढ्ने प्रीति कोइरालाले भन्छिन्, "आफूजस्तै साथीहरूलाई विद्यालयमा पढाउनको लागि सहयोग गर्न पाउँदा कसलाई खुशी लाग्दैन र ? बुबा इन्जिनियर हुनुहुन्छ, म बुबालाई गएर सक्नुहुन्छ भने चक्रदेवी प्राविलाई सहयोग गुर्नस् भन्छु ।"

"अब हामी यो विद्यालयमा हप्ताको दुई दिन आएर बालबालिकाहरूलाई अभिनय, नृत्य, चित्रकला, अग्रेजी भाषा सिकाउँछौ," अर्की छात्रा खुश्वू ओली भन्छिन् । आफ्नो विद्यालय नजिकको गाउँबस्तीका बालबालिकाको बिचल्ली देखेपछि सहयोगको लागि उत्साहित भएका उनीहरूले एक छाक खाजाको वास्ता गरेनन् र सहयोगको लागि तम्सिए । कुप्सका विद्यार्थीहरूको भनाई छ, "हामीले महिनामा एक छाक छोडेर हामीजस्तै बालबालिकाहरूले पढ्न पाउँछन् भने किन नछोड्ने ?" कुप्सका प्रधानाध्यापक प्रधानका अनुसार कुप्सले प्रत्येक विद्यार्थीको लागि बार्षिक एक हजार पाँच सय सहयोग गर्छ । चक्रदेवी माविका प्रअ यमुनादेवी श्रेष्ठले सहयोगले धेरै राहत पुगेको उल्लेख गर्दै भन्नुभयो, "धुलिखेलमै भएर पनि अन्धकारमा बाँचिरहेको दयनीय अवस्थालाई मध्यनजर राखेर ड्रेसकै कारण विद्यालय नआउनेहरू पनि विद्यालयमा आउने भए । यहाँभन्दा खुशीको कुरा के हुन्छ ?"

● भीम गौतम

**के तपाईंको गाउँघरका छोरीहरू नियमित विद्यालय गइरहेका छन् ?**

## जोशिला बाल पत्रकारको उत्साह



बोल्न सक्नेहरू त अधिकारको लागि लड्छन् । कलिला बालबालिकाका, जो आफ्नो अधिकार के हो ? कोसँग माग्ने हो ? पत्तोसम्म पाउँदैनन् । उनको बारेमा कसले बोल्ने ? त्यसैले उनीहरूले निधो गरे- हामी आवाज नहुनेहरूको आवाज बन्नुपर्छ ।

यस्तै आँट गरेर उपत्यका बाहिर र भित्रका १२ जना बालबालिकाले बालपत्रकार क्लब गठन गरेका छन् । मनीषा आचार्य क्लबकी अध्यक्ष हुन् । एक गैरसरकारी संस्थाले उनीहरूलाई आधारभूत पत्रकारिताको तालिमको पनि अवसर दिलाएको छ । केही महिना पहिले उनीहरूले प्रधानमन्त्रीलाई भेटेर बालबालिकाका समस्या त दर्शाए नै देशको राजनीति र हिंसाको समस्यामा पनि उत्तिकै चासो देखाएका थिए ।

अहिले क्लबको सक्रियतामा दुईमहिने बालभित्ते पत्रिका 'बालप्रयास' प्रकाशन भइराखेको छ । यो प्रेसमा छापिएर अधिराज्यका सयौं ठाउँमा पुग्छ । क्लबकी अध्यक्ष र पत्रिकाका सम्पादक मनीषा आफू बालबालिकाले पनि केही गर्न सक्छन् भन्ने उदाहरण भएको बताउँछिन् । त्यसो त, पढाइको व्यस्तता र टाढाटाढाका साथीभाइ भेट भएर काम गर्न त्यति सजिलो छैन । त्यही पनि आफ्नो प्रयासमा हिम्मत हारेका छैनन्, उनीहरूले ।

बालअधिकारका बारेमा बालबालिका नै के भन्छन् त ? उनीहरूले राष्ट्रिय स्तरका पत्रिकामा थुप्रै समाचार र लेख प्रकाशित गरेर यो जिज्ञासा पूरा गराएका छन् । पत्रकारिता तालिम पाएपछि आफू मात्र होइन सँगै पढ्ने अरु साथीलाई पनि पत्रकारिताप्रति आर्कषित गर्न उनीहरू लागिपरेका छन् ।

● प्रवेश सुवेदी

## द्वन्द्व पीडित बालबालिकाको खुशी



आठ वर्षीया बालिका जानकी कटाई डडेल्धुरा, आलीतालको ग्रीनभ्याली बोर्डिङ स्कुल जोगबुढामा कक्षा एकमा पढ्छिन् । स्थानीय विद्यालयमा शिक्षकका रुपमा कार्यरत उनका पिता माओवादीको आशंकामा दुई वर्ष अघि सुरक्षाकर्मीको कारवाहीमा मारिएका थिए ।

डडेल्धुराकै मञ्जुकुमारी विष्ट (११) पनि सोही विद्यालयको कक्षा पाँचमा पढ्छिन् । उनका बाबुलाई माओवादीहरूले लगभग त्यही समयमै निर्ममताापूर्वक हत्या गरेका थिए ।

त्यस्तै बाबु जेल परेपछि बिचल्लीमा परेकी मायाकुमारी ताम्राकार (९) पनि उक्त विद्यालयमै कक्षा तीनमा पढ्छिन् । घरायसी झगडाका कारण बाबुले आमाको हत्या गरेपछि बाबु ज्यानमुद्दामा जेल परेका हुन् ।

ग्रीनभ्याली स्कुलमा विभिन्न किसिमले आमाबाबु गुमाएका १० जना बालिकाहरू अध्ययनरत छन् । यी बालिकाहरूको पढाइमा ग्रामीण महिला विकास केन्द्र (रुडुक)ले सहयोग गरेको छ । रुडुकका संयोजक इन्द्रा भट्टका अनुसार अधिकांश बालबालिकालाई आफ्ना आमाबाबुको कसरी मृत्यु भयो केही थाहा छैन । रुडुकले गत ०६० साल वैशाखदेखि कार्यक्रम सञ्चालन गर्दादेखि नै यी सबै बालिकाहरू संस्थाको सहयोगमा विद्यालय जान थालेका हुन् । संस्थाको सम्पर्कमा आउनुअघि कुनैपनि बालिकाहरू विद्यालय नगएको स्पष्ट पार्दै संयोजक भट्ट भन्छिन्- संस्थामा आएपछि नै आवासगृहमा नै पढायौं र पढाइ क्षमताको आधारमा कक्षा एकदेखि चारसम्म राखेका छौं ।

रुडुकमा रहेका प्रायः सबै बालिकाहरू आमाबाबुको मृत्युपछि नातागोताको घरमा बसी गाई, भैंसी, बाख्रा गोठालो गर्थे । अर्काको घरमा गोठालो बसेको सम्झदैं जोगबुडाकै मीनाकुमारी सुमई (१२) भन्छिन्, "अहिले पनि मेरो भाइ गोठालो छ ।"

त्यस क्षेत्रमा अझै पनि ३५ बढी द्वन्द्व पीडित बालिका रहेको बताउँदै बताउँदै संयोजक भट्ट भन्छिन्, "यी बालिकाहरूलाई स्वावलम्बी बनाउने हाम्रो उद्देश्य हो ।"

"यी बालिकाहरू एकार्कालाई बहुत माया गर्छन् । ठूलाले सानाको कपाल कोरिदिने र सरसफाइमा सहयोग गर्छन्," भट्टले अगाडि भनिन् । नियमित विद्यालय जाने, सरसफाई गर्ने बाहेक टेलिभिजन हेर्ने गरेको बताउँदै बालिकाहरू एकै स्वरमा भन्छन्, "हामी रामायण टेलिसिरियल र बाल कार्यक्रमहरू नछुटाई हेर्छौं ।"

रुडुकमा रहेकामध्ये अहिलेसम्म २/३ जना बालिकालाई मात्र भेट्न उनीहरूका अभिभावक आएको भट्ट बताउँछिन् । संस्थाको नियम अनुसार बिदाको दिनमा पनि कुनै अभिभावकहरू आए बालिकाहरूलाई घर लैजान दिइदैंन ।

● एमडी कुलुङ

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, फ्याक्सः ४–२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, सम्पादनः पदम गौतम